# ठूलीभेरी राजपत्र

ठूलीभेरी नगरपालिकाद्वारा प्रकाशित

खण्डः ६ संख्याः १ मितिः २०८०/०३/१०

भाग १

**ठूलीभेरी नगरपालिका**

**नगर कार्यपालिका कार्यालयको सुचना**

# बिनियोजन विधेयक

## २०८०/०८१

**ठूलीभेरी नगरपालिका**

# विनियोजन ऐन २०८०

## ठूलीभेरी नगरपालिकाको आर्थिक बर्ष २०८०/८१ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही खर्च गर्ने र बिनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८०

नगरसभाबाट मितिः ः

**प्रस्तावनाः** ठूलीभेरी नगरपालिकाको आर्थिक बर्ष २०८०।८१ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२)बमोजिम ठूलीभेरी नगरपालिकाका एघारौ नगरसभाले यो विधेयक बनाएको छ।

१.**संक्षिप्त नाम र प्रारम्भः**

(१) यस विधेयकको नाम " विनियोजन विधेयक,२०८०" रहेको छ ।

(२) यो **विधेयक** २०८० साउन १ गतेबाट प्रारम्भ हुनेछ ।

२.**आर्थिक वर्ष २०८०।०८१ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**

(१) आर्थिक वर्ष २०८०।०८१ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु..४८०२२३२४२(अक्षेरुपी अठ्चालिस करोड दुइ लाख तेइस हजार दुइ सय बयालिस रुपैयामात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः (१)** यस विधेयकद्धारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०।०८१ को निमित्त नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम

सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगरसभाको स्वीकृति लिनु पर्नेछ ।

## अनुसूची-१

( दफा २ संग सम्बन्धित)

## नेपालको संविधानको धारा २२९ (२) बमोजिम संञ्चित कोषबाट विनियोजन हुने रकम

रु. हजारमा

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | नगर कार्यपालिका | ९५२०९ | ५१४६६ | ० | १४६६७५ |
| २ | | वडा समिति | ६६०० | ११००० | ० | १७६०० |
| ३ | | बिषयगत शाखा | २२२२४८ | ९३७०० | ० | ३१५९४८ |
| ५ | | ऋणको सावा व्याज भुक्तानी | ० | ० | ० | |
| ६ | | लगानी (शेयर/ऋण) | ० | ० | ० | |
| | | **कूल जम्मा** | ३२४०५७ | १५६१६६ | | ४८०२२३ |

**आज्ञाले**

**सुकदेव लम्साल**

**प्रमुख प्रशासकीय अधिकृत**